'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक

वर्ष १ | अंक : २८ | आइतबार ०६ असोज, २०८१ | 22 (Sunday) September 2024 | पृष्ठ ४, | मूल्य रु : १०/-

# चाडपर्व मनाउन कालापहाडबाट घर फर्किंदै नेपाली

• नमस्ते समचारदाता
बाँके, असोज/०५



नेपालीहरूको महान् पर्व दसैं, तिहार र छठ नजिकिएपछि कामका लागि भारत गएका नेपाली चाडपर्व मनाउन ठुलो संख्यामा स्वदेश फर्किन थालेका छन् । पश्चिम नेपालका विभिन्न जिल्लाबाट रोजगारीका लागि भारतका विभिन्न सहरमा गएका अहिले हुलका हुल स्वदेश फर्किरहेको नेपाल-भारत नाकामा रहेको इलाका प्रहरी कार्यालय जमुनाहाले जनाएको छ । इलाका प्रहरी कार्यालय जमुनाहाका इन्चार्ज प्रहरी निरीक्षक उपेन्द्रबहादुर बुढाथोकीले चाडपर्व नजिकिएसँगै भारतबाट नेपाली स्वदेश फर्किने क्रम ह्वात्तै बढेको बताए । उनका अनुसार भदौ महिनाको अन्तिम साताको तुलनामा असोजमा धेरै नेपाली स्वदेश फर्किरहेका छन् । हाल दैनिक करिब तीन हजारदेखि तीन हजार पाँच सयसम्म नेपाली चाडपर्व मनाउन स्वदेश फर्किरहेको प्रहरी निरीक्षक बुढाथोकीले बताए । दसैंतिहार मनाउन भारतबाट आउने नेपालीको सहजताका लागि नेपाल प्रहरीले विभिन्न प्रबन्ध मिलाएको पनि जमुनाहा प्रहरीले जनाएको छ । रिक्सा, ई रिक्सा, बस, हायस र होटेल व्यवसायीबाट स्वदेश फर्किने नेपाली बर्सेनि ठगिने र लुटिने हुँदा सो सम्भावनालाई ध्यानमा राख्दै नेपाल प्रहरीले सचेतना अभियान पनि चलाएको इलाका प्रहरी कार्यालय जमुनाहाका इन्चार्ज बुढाथोकीले बताए । भारतबाट फर्किने नेपालीको सहजताका लागि छिटै नाकामा 'हेल्प डेस्क' स्थापना गर्ने पनि प्रहरीले जनाएको छ । करिब २० जनाको समूहसहित चाड मनाउन नेपाल फर्किनुभएका बबई गाउँपालिका-३, दाङका हरिभक्त डाँगीले गत वर्ष आउन नपाएकोमा यस पटक दसैंतिहार मनाउनका लागि गाउँ जान थालेको बताए । वनगाड कुपिण्डे नगरपालिका-६, सल्यानका सागर थापाले चाडपर्वको बेला आफ्नै गाउँ ठाउँमा रमाइलो हुने हुँदा फर्किएको बताए।

बाँकी ३ पेजमा...

# सुदूरपश्चिमका जिल्लामा दशैं लक्षित चामल ढुवानी सुरू

• नमस्ते समचारदाता
बाजुरा, असोज/०५



दसैंलाई लक्षित गरेर सुदूर पश्चिमका सातवटा पहाडी जिल्लामा खाद्यान्न ढुवानी सुरु भएको छ। सात जिल्लामा रहेका खाद्यका ३२ वटा डिपो र बिक्री केन्द्रमध्ये अधिकांशमा चामलको मौज्दात छैन। जिल्ला सरमुकाम र सहुलियत मूल्य पसल सञ्चालन हुने स्थानमा दुई-दुई सय क्विन्टल चामल पठाउन लागिएको खाद्य व्यवस्था तथा व्यापार कम्पनीको प्रादेशिक कार्यालय धनगढीका निमित्त प्रमुख इन्जिला बस्नेतले बताइन् । सातवटै जिल्लाका सदरमुकाम, बाजुराको कोल्टी, दार्चुलाको खण्डेश्वरी र बझाङको काँडा डिपोमा पनि खाद्यान्न पठाइने उनले जानकारी दिइन् । 'चामल ढुवानीका लागि ढुवानीकर्तासँग सम्झौताको प्रक्रियामा छ, सहुलियत पसल सञ्चालनका लागि सम्झौता अघि नै ढुवानीकर्ताले चामल ढुवानी थालेको छ,' उनले भनिन्, 'सम्झौता भएपछि अरू ठाउँमा पनि चामल पठाउँछौं ।' जिल्ला सदर मुकाम तथा बाजुराको कोल्टी, दार्चुलाको खण्डेश्वरी र बझाङको काँडाबाहेक अन्य डिपोमा १५ असोजपछि मात्र ढुवानी सुरु हुने खाद्यले जनाएको छ । खाद्यका अनुसार बाजुराको कवाडीमा रहेको डिपो र मुक्तिकोट बिक्री केन्द्रमा चामलको मौज्दात सकिएको छ । मार्तडीमा करिब चार हजार क्विन्टल र कोल्टीमा करिब दुई हजार आठ सय क्विन्टल चामल मौज्दात छ । बाजुरामा खाद्यले बर्सेनि २० हजार क्विन्टल चामल बिक्री गर्छ । स्थानीयले आवश्यकताअनुसार व्यापारीबाट किन्ने भएकाले डोटी, डडेल्धुरा, बैतडीमा तुलनात्मक रूपमा खाद्यको चामल कम खपत हुन्छ । धनगढीको गोदामबाट सुदूरपश्चिमका साथै हुम्लाको श्रीनगर, सुर्खेत, मुगुमा समेत खाद्यान्न ढुवानी गर्छ । अन्य जिल्लामा ढुवानीका लागि प्रादेशिक कार्यालयले हरेक सिजनमा कैलाली, कञ्चनपुरमा किसानबाट खाद्यान्न खरिद गर्छ । गत सिजनमा खाद्यले कैलाली, कञ्चनपुरबाट करिब साढे २१ हजार क्विन्टल धान खरिद गरेको थियो ।

# संघीयतामा प्रदेश बलियो हुनुपर्ने कर्णालीका मुख्यमन्त्रीको जोड

• नमस्ते समचारदाता
सुर्खेत, असोज/०५



कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले ठूलो भूगोल र पिछडिएको प्रदेशमा रुपमा रहेको कर्णालीलाई संघीय सरकारले अरु प्रदेश सरह राजस्व बाँडफाँड गर्दा न्यायोचित नहुने बताएका छन् । वीरेन्द्रनगरमा आयोजित संघीयता सबलीकरण सम्बन्धी प्रदेश स्तरिय कार्यक्रममा बोल्दै मुख्यमन्त्री कँडेलले संघीयता कार्यान्वयन महत्वपूर्ण पक्षको रुपमा रहेको वित्तिय संघीयताको विषयमा संघीय सरकार थप उदार हुनुपर्ने बताएका हुन् । 'संघीयतापछि प्रदेशमा नागरिकका अपेक्षा र आवश्यकता बढेका छन् ।' मुख्यमन्त्री कँडेल भने, 'तर आम्दानीको अवस्था भने न्यून छ , यस्तो अवस्थामा संघीय सरकारले दिने कार्यक्रम र अनुदानलाई बढाउनै पर्छ । जनताको अपेक्षा र आवश्यकता बढदै गएको तर स्रोतको अभावमा जनताका यथोचित आवश्यकता पुरा गर्न सकिएको छैन् । संघीय संरचनामाथि विभिन्न हिसाबले प्रश्नहरु खडा भइरहेको तर्फ संकेत गर्दै मुख्यमन्त्री कंडेलले केही कमीकमजोरी भएपनि अहिलेनै संघीयताको विषयमा पुर्नविचार गर्ने बेला भइनसकेको बताए । उनले भने, 'जसरी केही हुदै नभएको हिसाबले प्रचार गरिएको छ त्यो होइन । तीनै तहका सरकारले आफनो श्रोत र क्षमता अनुसार नागरिकको हित र समृद्धिमा काम गरिरहेका छन ।'


नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
हिमाली गाउँपालिका
धुलाचौर,बाजुरा

# विद्यार्थीको सिकाइ

इन्द्रविलास घिमिरे

गुणस्तर शिक्षाको प्रमुख आधार नै विद्यालय शिक्षा हो तर २०८० सालको एसइईको नतिजा हेर्दा यसको अवस्था ज्यादै कमजोर छ । ग्रामीण तथा दुर्गम क्षेत्रमा रहेका सामान्य नागरिकले पनि आफ्ना बालबालिकाको सिकाइ उपलब्धिमा चिन्ता र गुनासो गरेको सुनिन्छ । २०८० सालकै एसइई परीक्षामा सबभन्दा बढी गणित र त्यसपछि विज्ञान विषयमा विद्यार्थी असफल भए । यी विषयमा ग्रामीण मात्र होइन, सहरी क्षेत्रका विद्यालयमा अध्ययन गर्ने विद्यार्थी पनि असफल भए । सहरी क्षेत्रमा अध्ययन गर्नेहरू गणित, विज्ञान र सामाजिक शिक्षामा र ग्रामीण तथा दुर्गम विद्यालयमा अध्ययन गर्नेहरू अङ्ग्रेजी, गणित र विज्ञान विषयमा असफल हुने धेरै छन् । अनिवार्य विषय त विद्यार्थीलाई मन परे पनि नपरे पनि पढ्न बाध्य गरिएको हुन्छ । किनकि विकल्पमा अर्को विषय पढ्न विद्यालयमा कुनै व्यवस्था हुँदैन । त्यही विषय नै विद्यार्थीले जानी नजानी पढ्नु पर्छ तर ऐच्छिक विषयमा त विद्यालयलाई विकल्प छनोट गर्ने अवसर पनि दिइएको हुन्छ । गणित र अर्थशास्त्र जस्ता ऐच्छिक विषय त विद्यार्थीले मन पराएर नै छनोट गरेका हुन्छन् तर पनि विद्यार्थी असफल भएको देखियो । विद्यालयले विद्यार्थीको इच्छा र रुचिलाई भन्दा विद्यालयको आफ्नो स्वार्थ र शिक्षक सहज पूर्ति गर्न सकिने विषयलाई ध्यान दिने गरेको सुनिन्छ । यदि उक्त भनाइ सत्य हो भने विद्यार्थीको ऐच्छिक विषयप्रतिको रुचि र क्षमतालाई विद्यालयले कुण्ठित गरिरहेको छ । कतिपय विद्यालयमा विषय शिक्षकको अभाव वर्षौं हुन्छ, जसको परिणाम अत्यधिक विद्यार्थी असफल हुने र नतिजा शून्य हुने अवस्था आउँछ । नेपाल सरकारको सम्बन्धित निकायले खोज र अनुसन्धान गरी विद्यार्थी असफल हुनाका कारण पत्ता लगाउनु पर्छ । गत एसइईमा अत्यधिक विद्यार्थी असफल हुनाका कारण पनि खोजी हुनु पर्छ ।




अविभावकले आफ्ना बालबालिकालाई नर्सरीदेखि कक्षा १० सम्म पुऱ्याउँदा १३ वर्ष लगानी गरेको हुन्छ तर लगानीको प्रतिफल एसइईमा शून्य हुन पुग्छ । यस अवस्थामा अभिभावक र स्वयम् विद्यार्थीमा पर्न गएको मानसिक र आर्थिक वेदनाको चोट कसले बुझ्ने ? यसमा विद्यालय स्वयम् र तीन वटै तहका सरकारले लगानीको प्रतिफल नआउनुको कारण खोज्नु पर्छ । शिक्षा जस्तो विकासको आधारभूत विषयमा राज्यले लगानी गर्दा त्यसबाट प्राप्त हुनुपर्ने प्रतिफलको मूल्याङ्कन गरी राम्रो प्रतिफल दिने विद्यालयलाई पुरस्कृत गर्ने र खराब नतिजा दिने विद्यालयलाई दण्ड गर्नु पर्छ । यसले विद्यालय आफ्नो शिक्षण सिकाइ सुधार गर्न बाध्य हुन्छन् । अनि मात्र तीनै तहका सरकारले शिक्षा क्षेत्रमा गरेको लगानी सदुपयोग हुन सक्छ । कतिपय दुर्गम जिल्लाका आधाभन्दा बढी विद्यालयको नतिजा शून्य आउँदा पनि विद्यालयको शिक्षण सिकाइ र मूल्याङ्कन प्रक्रियामा कुनै सुधारका योजना अहिलेसम्म आएको देखिँदैन । विद्यालय शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तक, मूल्याङ्कन र परीक्षा प्रणाली एउटै छ तर सामुदायिक र निजी विद्यालयमा अभिभावकको लगानीमा फरक छ । निजी वा संस्थागत विद्यालयमा शिक्षण गर्ने र मूल्याङ्कन गर्ने परिपाटीमा केही फरक देखिन्छ । सामुदायिक विद्यालयमा विद्यार्थीले निःशुल्क अध्ययन गर्ने अवसर पाएका हुन्छन् । शिक्षकहरू सेवा आयोगबाट छनोट भएर आएका तालिमप्राप्त योग्य हुन्छन् । अधिकांश जिल्लामा सुविधायुक्त विद्यालय भवन पनि छन् । कक्षाकोठा पर्याप्त मात्रमा व्यवस्थित गरिएका छन् । विशेष गरी सहरी क्षेत्रका सम्पन्न सामुदायिक विद्यालयमा स्मार्ट बोर्ड, विज्ञान प्रयोगशाला, कम्प्युटर कक्षा र पुस्तकालय पनि व्यवस्थित रूपमा सञ्चालनमा आएका छन् । कक्षामा शिक्षक र विद्यार्थी पनि नियमित उपस्थित भएका हुन्छन् । कक्षाका विद्यार्थी अनुशासित पनि देखिन्छ । शिक्षक कक्षमा सिकाइ रहेका हुन्छन् । विद्यार्थीले शिक्षकले भनेको कुरा ध्यान दिएर सुनेको अनुमान हुन्छ तर शिक्षकले सिकाएको विषयमा प्रश्न गर्दा न त प्रश्नको उत्तर मौखिक दिन सक्छन्, न त कापीमा उत्तर लेख्न सक्छन् । विद्यार्थीले केही पनि सिकेको देखिँदैन । सामुदायिक विद्यालयको शिक्षण सिकाइमा देखिएको प्रमुख समस्या नै यही हो । शिक्षकले सिकाएका हुन्छन् तर विद्यार्थीले सिकेको हुँदैन । विद्यार्थी सिक्न नसक्ने हो कि ? शिक्षकले कक्षामा सिक्ने वातावरण नै तयार गर्न नसकेको हो ? यही हो नतिजा खराब आउनुको प्रमुख कारण । हाम्रा शिक्षकहरू आफू मात्र बढी सक्रिय हुने र विद्यार्थीलाई निष्क्रिय भएर कक्षामा सुन्न लगाउने वातावरण कायमै छ । शिक्षण सिकाइमा एकातर्फी व्याख्या भएको हुन्छ । त्यसो नगरेर दुईतर्फी रणनीति अपनाइ छलफल गरेमा केही सुधार अवश्य हुन्छ । सिक्ने सिकाउने विषयमा शिक्षक एउटा कुशल सहजकर्ता हुन सके विद्यार्थी बढीभन्दा बढी क्रियाशील हुन्छन् । शिक्षकले कुनै पनि विषय कसरी सिक्ने ? कोसँग सिक्ने ? शिक्षकसँग, साथीसँग, छिमेकी वा अभिभावकसँग के कस्ता विषय कसरी सिक्न सकिन्छ ? भन्ने विषय जानकारी पाउन शिक्षकको नै प्रमुख भूमिका हुन्छ । सहरी क्षेत्रका विद्यालयका तुलनामा ग्रामीण क्षेत्रका विद्यालय वरिपरि प्रशस्त भूमि रहेको हुन्छ । सहरी क्षेत्रका विद्यालयमा खेल मैदान र प्रयोगात्मक कक्षा सञ्चालन गर्न र सामान्य कृषिकार्य गर्न पनि आवश्यक भूमिको अभाव छ तर ग्रामीण क्षेत्रका विद्यालयले आफ्नो विद्यालय वरिपरिको भूमिलाई विद्यार्थीको प्रयोगात्मक कक्षामा प्रयोग गर्न सकेका छैनन् । सामुदायिक विद्यालयमा शिक्षण गर्ने लगभग ९८ प्रतिशत शिक्षकले तालिम लिएका छन् तर विद्यार्थी किन असफल हुन्छन् ? हाम्रा शिक्षकले प्राप्त गरेको तालिम पुरानो भयो कि वा कक्षाकोठामा तालिमका कुरा पुग्न सकेनन् कि वा पुगे पनि प्रभावकारी हुन सकेनन् ? यसको खोजी हुनु पर्छ । कक्षा शिक्षणलाई प्रभावकारी बनाउन सर्वप्रथम सबै शिक्षकलाई पुनर्ताजगी कार्यशाला सञ्चालन गर्नु पर्छ । कुन विषय शिक्षण गर्न के कस्तो रणनीति अपनाउनु पर्छ ? कस्ता शैक्षिक सामग्री प्रयोग गर्नु पर्छ ? भन्ने विषयमा शिक्षकलाई पोख्त बनाउनु पर्छ । कतिपय सामुदायिक विद्यालयमा विद्यार्थीलाई दिवा खाजाको व्यवस्था पनि छ । जे जस्तो सुविधा दिए पनि कक्षामा हुने सिकाइमा कुनै परिवर्तन भने आउन अझै सकेको छैन ।

> परीक्षामा विद्यार्थीले राम्रो गर्नका लागि कक्षामानै राम्रो सिकाइ हुनु पर्छ । परीक्षामा राम्रो गर्न शिक्षकले सम्बन्धित विषयको प्रत्येक शीर्षकमा नमुना प्रश्न निर्माण गरी अभ्यास गराउनु पर्छ । विद्यार्थीले परीक्षा दिएर हलबाट बाहिर निस्कने क्रममा आफैँमा आत्मसन्तुष्ट नभएको बेहोरा व्यक्त गरेका हुन्छन् ।

एउटा बालकलाई असल नागरिक बनाउन घरपरिवार र उसको समाजको प्रमुख भूमिका रहेको हुन्छ । बालकले शिशु अवस्थादेखि नै कस्ता शब्द प्रगोग गर्ने र कस्ता शब्द प्रयोग गर्न हुँदैन भन्ने विषयमा घरपरिवार र समाजको प्रमुख भूमिका रहेको हुन्छ । कुनै पनि बालकको पहिलो पाठशाला घर र पहिलो गुरु मातापिता र परिवार हुन् । घरपरिवार र टोलछिमेक समुदायबाट पनि बालकले राम्रा नराम्रा असंख्या अनुभव सँगालेका हुन्छन्, जसको परिणाम उसको भविष्य निर्धारण गर्न समुदाय पनि सहयोगी हुन्छ । जब बालक विद्यालय प्रवेश गर्छ, तब उसको विभिन्न समुदायका बालबालिकासँग सङ्गत हुन्छ । अनि साथीसङ्गीबाट पनि बालकले असंख्य अनुभव पाउँछ । परीक्षामा विद्यार्थीले राम्रो गर्नका लागि कक्षामा नै राम्रो सिकाइ हुनु पर्छ । परीक्षामा राम्रो गर्न शिक्षकले सम्बन्धित विषयको प्रत्येक शीर्षकमा नमुना प्रश्न निर्माण गरी अभ्यास गराउनु पर्छ । विद्यार्थीहरू परीक्षा दिएर हलबाट बाहिर निस्कने क्रममा आफैँमा आत्मसन्तुष्ट नभएको व्यहोरा व्यक्त गरेका हुन्छन् । विद्यार्थीलाई परीक्षा आउनुभन्दा पहिले सम्बन्धित विषय विज्ञहरूबाट परामर्श दिने गर्नु पर्छ । टेक्सोनोमीका आधारमा निर्माण भएका र परीक्षामा प्रयोग हुने गरेका नमुना प्रश्नलाई अभ्यास गराउँदा र विद्यार्थीको बारम्बार मूल्याङ्कन गर्ने गर्दा परीक्षमा राम्रो गर्ने सम्भावना बढी हुन्छ । यसरी बारम्बार परामर्श, परीक्षा र पुनः परीक्षा लिने उत्तरपुस्तिका परीक्षण गरी अङ्कन गर्दा विद्यार्थीमा विश्वसनीयता विकास हुन्छ । उत्तर पुस्तिकामा प्राप्त कमजोरी औँल्याउने गर्दा परीक्षार्थीले गर्ने गल्ती कम हुन्छ । विद्यार्थीहरूले पनि परीक्षामा सोधएका प्रश्न स~्या र प्रत्येक प्रश्नले पाउने समय बाँटफाँट गरी समय व्यवस्थामा बढी ध्यान दिनु पर्छ । परीक्षार्थीले हतार नगरी, परीक्षा केही होइन, परीक्षा आउँछ, जान्छ भन्ने सोच बनाई धैर्य गर्नु पर्छ । प्रश्नपत्र हातमा परेपछि तीन पटकसम्म गहन अध्ययन गर्नु पर्छ । प्रश्नलाई गहन अध्ययन गरी प्रश्नको उत्तर सुरुदेखि अन्त्यसम्मको अंश दिमागमा स्केच गरी लेख्न सुरु गर्नु पर्छ । प्रश्नले मागेका विषवस्तु मात्र क्रम मिलाई उत्तर पुस्तिकामा प्रस्तुत गर्ने बानी बसाल्नु पर्छ । कुनै पनि विषयको विषयवस्तु सबै आयो भन्दैमा अनावश्यक विषय उत्तरपुस्तिकामा प्रस्तुत गर्न हुँदैन । आफूले अध्ययन गरेको व्यापक विषय क्षेत्रबाट प्रश्नले मागेका विषयवस्तु मात्र छनोट गरी उत्तर प्रस्तुत गर्नु पर्छ । उत्तरपुस्तिका परीक्षण गर्दा परीक्षकले मन पराउने किसिमका सफा अक्षरका साथै आवश्यता अनुसार अनुच्छेद बदल्नु पर्छ । प्रश्नको उत्तर लेख्दा विषय वा प्रसङ्ग बदलिएको अवस्थामा मात्र अनुच्छेद बदल्नु पर्छ । प्रश्नको उत्तर लेख्नुभन्दा पहिले शब्द चयन र वाक्य निर्माणमा गहन ध्यान दिनु पर्छ । एउटा प्रश्नको उत्तर लेख्ने काम सकेर मात्र अर्को प्रश्नको उत्तर लेख्नु पर्छ । उत्तर पुस्तिकाको बिचबिचमा खाली स्थान छाड्नु राम्रो हुँदैन । प्रश्नमा सचित्र लेख्नु भन्ने भएमा बायाँ पेजमा चित्र कोरी दायाँ पेजमा बयान ug{pkoQmx'G .

–गोरखापत्र

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी, कालीकोट

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालीकोट

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

# दसैंका लागि कर्णालीमा चामल पठाउन बल्ल टेन्डर



• नमस्ते समचारदाता
सुर्खेत, असोज/०५

कर्णाली र लुम्बिनीको पहाडी क्षेत्रमा चामल ढुवानीका लागि खाद्य कम्पनीले टेन्डर आह्वान गरेको छ । ३२ हजारमध्ये २६ हजार क्विन्टल कर्णाली प्रदेशको हिमाली तथा पहाडी जिल्लाका लागि हो । 'इ-बिडिङमार्फत भएको टेन्डर केन्द्रले खोलेर छनोट प्रक्रिया अन्तिम चरणमा पुगेको जानकारी पाएका छौं,' कम्पनी नेपालगन्जका मुख्य शाखा प्रमुख रामशरण लामिछानेले भने, 'ढुवानीका लागि ढुवानी कम्पनीसँग सम्झौता भए पनि दसैंअघि लैजान सम्भव देखिँदैन ।' उनले कम्पनीले नै चामल अभाव भएको जिल्लामा पठाउने बताए। तर, जिल्लास्थित खाद्यका गोदाममा चामल रहेकाले अभाव नहुने दाबी उनले गरे। लामिछानेका अनुसार नेपालगन्जमा १३ हजार क्विन्टल चामल मौज्दात छ। खाद्य कम्पनी कर्णाली प्रदेश कार्यालयका प्रमुख माधव मिश्रका अनुसार सुर्खेतमा नौ हजार क्विन्टल र हुम्लामा आठ हजार क्विन्टल चामल मौज्दात छ । जुम्लामा भने दुई सय क्विन्टल मात्र चामल छ । 'जुम्लामा अलि थोरै मौज्दात छ, आइतबार थप १६० क्विन्टल चामल पठाएका छौं । फेरि आशयपत्र जारी गरेर थप चामल सुर्खेतबाट पठाउँछौं,' मिश्रले भने । कम्पनीको कर्णाली प्रादेशिक कार्यालयले कर्णाली प्रदेशमा पर्ने सल्यान र पश्चिम रुकुमबाहेक सबै जिल्लामा चामल पठाउने गरेको छ।

# लुम्बिनी प्रदेश सरकारको मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्ने योजना

• नमस्ते समचारदाता
बुटवल, असोज/०५



लुम्बिनी प्रदेश सरकारले मानव वन्यजन्तु द्वन्द्व घटाउने उद्देश्यले वन्यजन्तुको सुरक्षित वासस्थान, आहारा प्रजातिको व्यवस्थापन गर्ने उद्देश्यले पानीको मुहान तथा सिमसार संरक्षण, वन भित्र संरक्षण पोखरी निर्माण लगायतका काम गरेको छ । गत आर्थिक वर्षमा ३१ वटा पानी मुहान तथा सिमसार क्षेत्रको संरक्षण गरिएको छ भने १३ वटा नयाँ संरक्षण पोखरी बनेका छन् । वन्यजन्तुको वासस्थान नासिँदै जाँदा, आहार ाको अभाव हुँदा र पानीका मूलहरू सुक्दा वन्जयन्तु मानव बस्तीतर्फ पस्न थालेको विभिन्न अध्ययनले देखाएको छ। वन्यजन्तुको सुरक्षित वासस्थान, आहारा र पानीको स्रोत सुनिश्चित गर्न प्रदेश सरकारले योजनाबद्ध काम गरिरहेको वन तथा वातावरण मन्त्रालयका सचिव मोहनराज काफ्लेले बताए । वन्यजन्तुलाई पानी खोज्दै बस्तीमा जान नपर्ने उद्देश्यले ठाउँ ठाउँ पोखरी निर्माण गरिएको बताए । जसबाट वन्यजन्तुलाई वनमै राख्न सकिएको खण्डमा मानव वन्यजन्तु बिचको द्वन्द्व घटाउन सकिने बताए । यस्तै वासस्थानको लागि सुधार पनि गरिएको बताए। लुम्बिनी प्रदेशमा मानव वन्यजन्तु द्वन्द्वका कारण गत आर्थिक वर्ष २०८०/०८१ मा पाँच जनाको मृत्यु भएको र ८ जना घाइते भएको वन तथा वातावरण मन्त्रालयले जनाएको छ । बर्दिया जिल्लामा मात्र चार महिला तथा एक बालक गरी पाँच जनाको मृत्यु भएको थियो । एक वर्षको अवधिमा भेडा/बाख्रा २१७, गाई/भैँसी ३१, बङ्गुर ४५, हाँस/कुखुरा १८१ वटाको मृत्यु भएको छ भने स्याल, चितुवा, वनबिरालो, नीलगाई, अजिङ्गर, बँदेल, बाँदर गरी ४१ वटा वन्यजन्तुको पनि मृत्यु भएको छ । १४ वटा चितुवा र मृग समेत घाइते भएका छन् ।

# यस वर्ष दसैंको टीका लगाउने साइत कति बजे ?




• नमस्ते समचारदाता
काठमाडौं, असोज/०५

यस वर्षको बडादसैंको साइत सार्वजनिक भएको छ । नेपाल पञ्चांग निर्णायक समितिले शुक्रबार विज्ञप्ति जारी गर्दै दसैंमा टीका ग्रहण गर्ने साइतबारे जानकारी गराएको हो । समितिका अनुसार बडादसैंका दिन टीका लगाउने साइत असोज २६ गते बिहान ११ बजेर ३६ मिनेट रहेको छ । त्यस्तै, नवरात्रारम्भको साइत असोज १७ गते बिहान ९ बजेर १६ मिनेट रहेको समितिले जानकारी दिएको छ।

# दसैंको अग्रिम टिकट बुकिङ घटस्थापनाभन्दा एक साताअघि खुल्ने

• नमस्ते समचारदाता
काठमाडौं, असोज/०५



दसैंका लागि अग्रिम टिकट बुकिङ घटस्थापनाभन्दा एक साताअघि खुला गरिने भएको छ । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष विजयबहादुर स्वाँरले घटस्थापनाभन्दा एक साता अघि अग्रिम टिकट बुकिङ खुला गरिने बताए । घटस्थापनाभन्दा एक साता अघि टिकट खुलाउने तयारी छ । अहिले बाटो मर्मत सडक सुरक्षाका विषयमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा र गृहमन्त्रालयमा छलफल गरिरहेका छौं । तत्काल टिकट खुलाउनका लागि सहज छैन । सडक थुप्रै स्थानमा मर्मत गर्नुपर्ने छ,' उनले भने, सडकहरू मर्मतको काम सकिएपछि अग्रिम टिकट बुकिङ खुला गर्छौं ।' यसका साथै चाडपर्वमा यात्रा सहज बनाउन राजमार्गका विभिन्न स्थानमा हेल्प डेस्क राखिने विषयमा समेत छलफल भइरहेको अध्यक्ष स्वाँरले बताए।

## चाडपर्व...

उनले नेपालमा रोजगारी नभएर बाध्य भई परदेश जानु परेको सुनाउँदै रोजगारी भए त स्वदेशमा रगत पसिना बगाइन्थ्यो भन्नुभयो । अहिले चाडपर्वका लागि स्वदेश फर्किन थालेका नेपालीहरूको फर्किने क्रम दसैं र सोपछि पनि जारी रहने इलाका प्रहरी कार्यालय जमुनाहाले जनाएको छ । कार्यालयका अनुसार दसैंतिहार जति नजिक आउँछ त्यति नै भारतबाट फर्किनेको संख्या पनि बढ्दै जान्छ।

# लागु औषधसहित अटो चालक पक्राउ

• नमस्ते समचारदाता
सुर्खेत, असोज/०५



सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-४ मा रहेको वडा कार्यालय नजिकै शङ्कास्पद रूपमा रोकिएको अटोबाट प्रहरीले चेकजाँच गर्दा लागूपदार्थ जस्तो देखिने सेतो पदार्थ बरामद गरेको छ। प्रहरीले घटनास्थलबाट वीरेन्द्रनगर नगरपालिका-९, लाईटीकोइलीका २३ वर्षीय रोहन सुनारलाई नियन्त्रणमा लिएको छ । सुर्खेत प्रहरीका अनुसार सुनारको शरीर खानतलासी गर्दा ८० मिलिग्राम हाईट सुगर जस्तो देखिने लागूपदार्थ बरामद गरिएको हो । प्रहरीले हाल सुनारमाथि थप अनुसन्धान भइरहेको जानकारी दिएको छ । सुर्खेतका प्रहरी प्रमुख एसपी रुपेश खड्काले आवश्यक कानुनी प्रक्रिया अघि बढाउन सुनारलाई नियन्त्रणमा लिइएको बताए ।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

# रूपन्देहीमा दुई महिनामा १०८ उद्योग बन्द



• नमस्ते समचारदाता
रुपन्देही, असोज/०५

रूपन्देही जिल्लामा दुई महिनामा सय भन्दा बढी उद्योग बन्द भएका छन् । आर्थिक वर्ष २०७९/८० मा ८४ वटा उत्पादनमूलक, ६३ वटा सेवामूलक, ५१ वटा पर्यटन र १९ वटा कृषि तथा वनजन्य गरी दुई सय १७ वटा उद्योग बन्द भएको घरेलु तथा साना उद्योग कार्यालयले जनाएको छ । यही अवधिमा कृषि तथा वनजन्य ४१९, उत्पादनमूलक २८१, सेवामूलक २४४ र पर्यटन उद्योग १८६ वटा गरी एक हजार १३० वटा उद्योग दर्ता भएको थिए । कार्यालय प्रमुख लोककुमार कार्कीका अनुसार आव २०७९ र ८० को तुलनामा आव २०८०/८१ मा उद्योग दर्ताको संख्या घटेको र उद्योग बन्द गर्नेको संख्या बढेको छ । आव २०७९/८० मा एक हजार १३० वटा उद्योग दर्ता भएकामा गत आवमा ८३७ वटा उद्योग मात्रै दर्ता भए । आव २०७९/८० मा २१७ उद्योग बन्द भएकामा आव २०८०/८१ मा ३५४ वटा उद्योग बन्द भएका छन् । चालु आवको दुई महिनामै १०८ वटा उद्योग बन्द भएका छन् । साउनमा ९१ उद्योग दर्ता हुँदा ४१ बन्द भएका र भदौमा १७३ उद्योग दर्ता हुँदा ६७ वटा बन्द भएका घरेलु तथा साना उद्योग कार्यालय प्रमुख कार्कीले बताए । 'रूपन्देहीमा उद्योग बन्द गराउने मात्र हैन नयाँ दर्ता पनि घट्दै जानुले पनि आर्थिक मन्दीको प्रभाव मान्न सकिन्छ', उनले भने, 'अर्को कारण अहिले सरकारले पाँच लाखभन्दा मुनिका उद्योगलाई गाउँपालिकामै दर्ताको व्यवस्था गरेकाले पनि दर्ता संख्या घटेको हुन सक्छ', उनले भने । आर्थिक मन्दीको सबैभन्दा बढी असर उत्पादनमूलक उद्योगमा परेको उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुर कुमार श्रेष्ठ बताउँछन् । 'रूपन्देही औद्योगिक केन्द्रका रूपमा रहेको छ, तर पछिल्लो समय ठूला-ठूला उद्योगमध्ये कतिपय बन्द भइसके, सञ्चालनमा रहेकामध्ये ३० देखि ४० प्रतिशत मात्र उत्पादन गर्ने अवस्थामा रहेका छन् । यहाँ उत्पादित वस्तुका उपभोक्ताको संख्यामै कमी आएको छ । अधिकांश उपभोक्ता विदेसिएका कारण पनि उद्योग मारमा परेका छन् ।' यहाँ करिब १० वटा सिमेन्ट उद्योगमध्ये आधा बन्द भइसकेका छन् भने व्यवसाय र अन्य निर्माणजन्य उद्योगहरूको अवस्था पनि उस्तै छ । उद्योगी - व्यवसायीका समस्या समाधानका लागि सरकारले प्रवर्धनात्मक तथा सहुलियतका कार्यक्रम अगाडि बढाउनुपर्ने धेरैको माग छ ।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:

आकर्षक
भिते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार

रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
कोहलपुर, न्यरोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

# सुदूरपश्चिममा दुई महिनापछि ल्याएको बजेटमा चरम असन्तुष्टि

• नमस्ते समचारदाता
धनगढी, असोज/०५



सुदूरपश्चिम प्रदेशमा एउटै आर्थिक वर्षमा दोस्रो पटक ल्याएको बजेटमा चरम असन्तुष्टि देखिएको छ । चालु आर्थिक वर्षका लागि तत्कालीन दीर्घ सोडारीको नेतृत्वले असार १ गते प्रदेश सभामा पेश गरेको बजेट छलफल नै नगरी सरकार विस्थापित भएपछि कमल शाहको नेतृत्वमा बनेको सरकारले भदौ ३१ गते प्रदेश सभामा बजेट प्रस्तुत गरेको थियो । बजेट पेश भएको ६ दिनपछि बजेटमाथिको छलफल प्रदेश सभामा सुरु भएको छ । प्रदेशसभा बैठकमा बजेटमाथिको छलफलमा सहभागी सत्तापक्षकै प्रदेशसभा सदस्यहरूले बजेटमा असन्तुष्टि व्यक्त गरेका छन् । सरकारको नेतृत्व गरिरहेको नेपाली कांग्रेसका प्रमुख सचेतक विक्रमसिंह धामीले समेत बजेटमाथि तीव्र असन्तुष्टि जनाए । उनले भने, 'बजेटमा मेरो जिल्लाका पनि थुप्रै योजना परेका छन् । तर, ती योजनाको माग न त गाउँपालिका र नगरपालिकाबाट भएको थियो न त मैले प्रस्तुत गरेको थिएँ । कताबाट आए यी योजना?' धामीले बजेट निर्माण हुने ठाउँ कता हो? भन्दै प्रदेश सरकारलाई प्रश्न गरे । बजेटका कारण नेपाली कांग्रेस दार्चुलाले आफूलाई गृहजिल्ला प्रवेशमा प्रतिबन्ध लगाउने निर्णय नै गरेकोसमेत धामीले बताए । यसैगरी सत्तारुढ नेकपा एमालेका प्रदेशसभा सदस्य चक्रबहादुर मल्लले बजेटका लागि सरकारले सार्वजनिक गरेको चार बुँदे अवधारणाअनुसार बजेट ल्याउन नसकिएको बताए । उनले कुरा एकातिर र काम अर्कोतिर भएको बताए । सत्तारुढ दल नागरिक उन्मुक्ति पार्टीका प्रदेशसभा सदस्य खुसीराम डगौरा थारुले बजेटमा थुप्रै कमजोरी भएको बताउँदै परिमार्जन गर्नुपर्ने माग राखे । उनले भने, 'अहिलेको बजेटले ५३ जना प्रदेशसभा सदस्यको भावना बुझ्न सकेको छैन, सबै प्रदेशबासीको बुझ्न सक्ने सम्भावना नै भएन, त्यसैले बजेट पुनर्लेखन हुनुपर्छ ।' शुक्रबार नै प्रदेश सभा बैठक आह्वान गरिएको थियो । त्यसमा बजेटको व्यापक विरोध हुने देखिएपछि बैठक स्थगित गरिएको थियो ।

# जुम्लाको कनकासुन्दरी गाउँपालिका साक्षर घोषणा

• नमस्ते समचारदाता
जुम्ला, असोज/०५



जुम्ला जिल्लाको कनकासुन्दरी गाउँपालिकालाई साक्षर घोषणा गरिएको छ। बहुभाषिक शिक्षाको प्रर्वद्धन पारस्परीक र शान्तिको लागी साक्षरता भन्ने मूल नाराका साथ जुम्लाको कनकासुन्दरी गाउँपालिकालाई साक्षर पालिका घोषणा गरेको हो । कनकासुन्दरी गाउँपालिका लाई कर्णाली प्रदेशका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले औपचारिक रुपमा साक्षर घोषणा गरेका हुन् । कार्यक्रमका प्रमुख अतिथि समेत रहेका मन्त्री भण्डारीले नेपाल सरकारले निर्धारण गरेका १२ वटा सूचकमध्ये ६ वटा सूचक पूरा गरेपछि औपचारिक रूपमा घोषणा गर्न मिल्ने बताए । उनले भने, अनुभवका आधारमा जुम्लाका कुनै पनि नागरिक निरीक्षर नभएको दाबि गरे। पछिल्लो समयमा जुम्लाका धेरै कर्मचारीहरुले काठमाण्डौंको उच्च तहमा नेतृत्व गरी रहेका छन् । उनका अनुसार धेरै जसो जिल्लामा जुम्लाका राष्ट्र सेवक कर्मचारीहरु छन । तर जुम्ला लगायत कर्णली अशिक्षत छ, गरिब छ भन्ने गलत प्रचार गिरएको बताए । उनले थपे,प्रजातन्त्रको बेला पनि अन्न किनबेच गर्दा हरहिसाब राख्न सक्ने ज्ञान भएका व्यक्तिहरु कर्णालीका भएकाले निरक्षर भन्न नमिल्ने उनको भनाइ छ । जुम्लामा केटिएसले उत्पादन गरेको दक्ष जनशक्ति देशभर छरिका छन । त्यस्तै जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्यले जुम्लाका पाँच वटा स्थानीय तह साक्षर घोषणा भएको बताए । उनका अनुसार हिमा, सिंजा, चन्दननाथ नगरपालिका, पातारासी कनकारी सुन्दरी साक्षर घोषणा गरिएको हो । कर्णालीका आमाहरु हाल भिडियो कल गर्न र औँला भाँचेर हिसाब राख्न सक्ने भएकाले निरक्षरता पहिले नै नभएको बताए। उनले सरकारको नीतिलाई पछ्याउँदै पालिका साक्षर घोषणा गरेकोमा कनका सुन्दरी गाउँपालिका र साझेदारी संस्थाहरुलाई आभार ब्यक्त गरे । त्यस्तै गाउँपालिका अध्यक्ष दमोदरप्रसाद आर्चायले कनकासुन्दरीको कुल जनसंख्या १३ हजार ६ सय २५ रहेकोमा तीमध्ये बाट १५ देखि ६० वर्ष उम्मेरका ९७ प्रतिशत साक्षर रहेको बताए । साक्षरताका १२ वटा सूचक मध्ये हस्ताक्षर गर्न सक्ने, मोवाईल चलाउन सक्ने, समय हेर्न र भन्न सक्ने, सामान्य लेखपढ गर्न सक्ने, १ देखि १० सम्म अंक भन्न र सामाजिक भावनाहरु व्यक्त गर्न सक्ने भएकाले साक्षर गाउँपालिका घोषणा गरिएको बताए ।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके